# नेपाली

**( अनिवार्य )**

| अनुज्ञापित समय : तीन घण्टा | अधिकतम अङ्क : 300 |
|---|---|

**प्रश्न-पत्र सम्बन्धित विशेष अनुदेशावली**

**कृपया प्रश्नका उत्तर लेख्नुअघि तल दिइएका प्रत्येक अनुदेशलाई ध्यानपूर्वक पढ्नुहोस्**

सबै प्रश्नका उत्तर लेख्नु अनिवार्य छ।

प्रत्येक प्रश्न/अंशका अङ्क तिनका विपरीतमा सूचित गरिएको छ।

प्रश्नमा निर्देश नगरिएको भए तापनि उत्तर नेपाली (देवनागरी लिपि)-मा लेख्नु अनिवार्य छ।

प्रश्नमा जहाँ विशेष रूपले उल्लेख गरिए-अनुसार शब्द-सीमालाई पालन गर्नु आवश्यक छ। यदि उल्लेख गरिएको भन्दा लामो अथवा छोटोमा उत्तर लेखिए अङ्क घटाइने छ।

प्रश्न-सह-उत्तरपुस्तिकामा खाली छोडिएका पन्ना अथवा कुनै भाग स्पष्टसित काटिएको हुनुपर्छ।

# NEPALI

**( Compulsory )**

| Time Allowed : Three Hours | Maximum Marks : 300 |
|---|---|

**QUESTION PAPER SPECIFIC INSTRUCTIONS**

**Please read each of the following instructions carefully before attempting questions**

All questions are to be attempted.

The number of marks carried by a question/part is indicated against it.

Answers must be written in NEPALI (Devanagari script) unless otherwise directed in the question.

Word limit in questions, wherever specified, should be adhered to and if answered in much longer or shorter than the prescribed length, marks may be deducted.

Any page or portion of the page left blank in the Question-cum-Answer Booklet must be clearly struck off.

1. निम्नलिखित कुनै **एक** विषयमा *600* शब्दहरूमा निबन्ध लेख्नुहोस् : 100

(a) बाल-बालिकामा कुपोषणको समस्या

(b) वैश्विक शान्तिका चुनौतिहरू

(c) मातृभाषा अनि प्राथमिक शिक्षा

(d) किरायको कोखको सामाजिक मान्यता

2. निम्नलिखित गद्यांशलाई ध्यानपूर्वक पढ्नुहोस् अनि त्यसको आधारमा तल दिइएका प्रश्नहरूका उत्तर स्पष्ट, सठीक र संक्षिप्त भाषामा दिनुहोस् : 12×5=60

प्राचीन भारतमा राजतन्त्र यति प्रभावशाली थियो कि राजालाई राज्यको आत्मा भनिन्थ्यो। प्राचीन धार्मिक ग्रन्थहरूका अनुसार राजा प्रजाका लागि ईश्वरको प्रतिनिधि हो, जसबाट प्रजाले उसको सहायता पाएर आफ्नो दुःखी जीवनबाट मुक्ति पाएका अनुभव गर्थे। राजाविहीन समाजको जीवन कष्टपूर्ण हुन्छ। प्राचीन भारतीय विद्वानहरूले राजा अथवा राज्यको उत्पत्तिका सम्बन्धमा समय समयमा विभिन्न विचारहरू प्रस्तुत गरेका छन्। ती विभिन्न सिद्धान्तहरूका रूपमा निर्धारित गरिएको छ, जस्तै—दैवीय सिद्धान्त, शक्तिको सिद्धान्त, सुरक्षाको सिद्धान्त, सामाजिक सम्झौताको सिद्धान्त, आदि।

कौटिल्यले राज्यलाई मानव जीवनको लागि एउटा महत्त्वपूर्ण, आवश्यक र कल्याणकारी संस्था मानेका छन्। उनले राजाको उत्पत्तिको क्रमबद्ध विवेचना गरेनन्, तर उनले 'अर्थशास्त्र'-मा उल्लेख गरेका छन् कि जसरी सानो माछालाई ठूलो माछाले निल्छ, त्यस्तै प्रकारले प्राचीनकालमा बलवान मानिसले दुर्बल मानिसहरूलाई सताउँदथे। यस प्रकारको अन्याय (मत्स्यन्याय) अर्थात् जङ्गलराजदेखि प्रजाहरू पीडित थिए। पीडित प्रजाहरू सबैले मिलेर एउटा समर्थ व्यक्तिलाई आफ्नो राजा नियुक्त गरे। उनीहरूले राजालाई कृषि उपजको छः भाग, व्यापारको आयको दस भाग दिने निश्चय गरे। यसको सट्टामा राजाले प्रजाको कल्याणको दायित्व आफुमाथि लिए। जुन मानिसले राजाको व्यवस्थालाई मान्दैन्थ्यो, उसलाई दण्ड दिने व्यवस्था थियो। राजालाई इन्द्र र यमको समान प्रजाको रक्षक र कृपा गर्ने मानिन्थ्यो। कौटिल्य-अनुसार राजाको आज्ञाको पालन नगर्नु अथवा त्यसलाई अपमान गर्नु निषिद्ध हुन्थ्यो।

समाजमा मानिसहरू आफ्ना घरका दैलाहरू खुल्लै राखेर निर्भय रूपमा हिँडडुल गर्थे। जब राजाले प्रजाको रक्षा गर्दथे अबला स्त्रीहरू एक्लै आफ्ना गहनाहरू लगाएर घुमफिर गर्न सक्थे। राजाद्वारा रक्षित समाजमा मानवताको साम्राज्य हुन्थ्यो। यस्तो राज्यमा सबै किसिमको उन्नति हुन्थ्यो। अन्य प्राचीन ग्रन्थहरूमा जस्तै कौटिल्यको 'अर्थशास्त्र'-मा पनि यस्तै सत्यको प्रतिपादन गरिएको छ। पहिले राजाको पद अस्थिर र शक्तिहरू नियन्त्रित थिए। तर उत्तर-वैदिककालमा राज्यहरूको आकार जसरी जसरी बढ्दै गयो त्यसरी त्यसरी नै राजाको अधिकार र ऐश्वर्यमा वृद्धि हुँदै गयो। प्रजाको रक्षाको अपेक्षा राजाको रक्षामा धेरै ध्यान दिइन थालियो। राज-पदको प्रतिष्ठा अनुरूप राजाको वैभव, शान-शौकत र आडम्बर बढ्दै गयो। शुक्रनीतिमा यसको विस्तृत वर्णन गरिएको छ।

(a) राजा र राज्यको प्राचीन अवधारणा के हो?

(b) 'मत्स्यन्याय'-लाई अन्याय भन्नुको अभिप्राय के हो?

(c) राजा र प्रजाको आपसी सम्बन्धको आधार के हो?

(d) 'मानवताको साम्राज्य'-को अभिप्राय के हो?

(e) उत्तर-वैदिककालमा प्रजाको स्थितिमा के परिवर्तन आयो?

**3.** निम्नलिखित अनुच्छेदको सारांश एक-तिहाई शब्दहरूमा लेख्नुहोस्। यसको शीर्षक लेख्ने आवश्यक छैन। सारांश आफ्नै शब्दहरूमा लेख्नुहोस् : 60

राजा राममोहन रायको क्रियाकलापहरूका विरोधी भारतीय बेपारीहरूले 'ब्रह्म समाज'-को प्रभावलाई समाप्त गर्नका लागि 1830 ई० मा एउटा 'धर्म समाज' नामक संस्थाको स्थापना गरे। यसै समयमा हेनरी डेरेजियोले आधुनिक ढंगको एउटा शैक्षिक संगठन, हिन्दू कलेजमा एकेडेमिक एसोशिएसनको स्थापना गरे। यो संघ परम्परागत रूढीवादी र अन्धविश्वासको विरोधमा अरू यस्ता संगठनभन्दा धेरै दृढ थियो। यो संघले नै युवा बंगालको स्थापना भयो। हिन्दू कलेजका कर्मचारीहरूद्वारा सताइएको कारणले यो संगठन विघटित भयो र यसका भूतपूर्व सदस्यहरू ब्रह्म समाजमा सम्मिलित भए। राजा राममोहन रायको मृत्युपछि यस समाजको नेतृत्व एउटा प्रमुख बंगाली बेपारी द्वारकानाथ ठाकुरका हातमा थियो। उन्नाइसौं शताब्दीको चौथो र पाँचौं दसकको समयमा बंगालमा ज्ञान प्रसार र यस्तै अन्य लक्ष्यहरूका सामाजिक संगठन एउटापछि अर्को प्रकट भए। अन्तमा 1851 ई० मा कलकत्तामा ब्रिटिश इन्डियन एसोशिएसन नामक एउटा परिपक्क राष्ट्रिय राजनैतिक संगठन कायम भयो।

यस प्रकारको घटना बम्बईमा पनि देख्न सकिन्थ्यो। देशको यस भागमा यस्ता आन्दोलनहरूका प्रमुख नेता धनी र सुसम्मानित पारसी थिए, जो औपनिवेशिक शासनको साथमा सहयोग गर्दथे, अनि युवा उदीयमान महाराष्ट्रीय बुद्धिजीवी थिए, जुन युरोपीय पद्धतिमा सञ्चालित स्थानीय शैक्षणिक संस्था, एलफिनिस्टन कलेजसित जोडिएका थिए। यी बुद्धिजीवीहरूमा प्रमुख थिए बालशास्त्री जाम्बेकर, जसले अंग्रेजी-मराठी साप्ताहिक 'बम्बई दर्पण'-को स्थापना गरे; जसले आफ्नो देशको प्रशासनमा भारतीयहरूलाई भाग लिन दिनका लागि अंग्रेजहरूलाई सम्बोधन गर्दथ्यो तथा औपनिवेशिक कर र शुल्क नीतिको आलोचना गर्दथ्यो; रामकृष्ण विश्वनाथ, जसले मराठीमा भारतको इतिहासमाथि एउटा पुस्तक प्रकाशित गरे, जसमा उनले भारतमा ब्रिटिश नीतिको आलोचना गरे, खासगरी उनको विचार यो थियो कि सबै कुरा ठीक गर्न सकिन्छ, शर्त-अनुसार प्रबुद्ध अंग्रेजहरू र भारतीयहरूका माझमा घनिष्ठ सम्पर्क होस्; गोपाल हरि देशमुख, जो पूणाका 'प्रभाकर'-मा लोकहितवादीको उपनामले लेख्तथे। उनले भारतको स्वतन्त्रताको अपहरणको कारणहरूको विश्लेषण गरे, जो उनको विचारमा पुरानो सामन्ती प्रथाहरूको पालन र अभिजात वर्ग तथा भारतीय जनताहरूको एक-अर्कालाई पृथक गराउने माध्यम थियो।

1852 मा स्थापित बम्बई एसोशिएसनमा त्यसपछि फूट पैदा भयो, युवा छात्रहरूले सबै भारतीयहरूका लागि अंग्रेजहरूकै समान अधिकारको माग गरे, अनि नरम-पन्थी उच्चवर्गीय बेपारीहरू यसबाट अलग भए। एक्लै मद्रास एसोशिएसनले नै भारतीय जमीन्दारहरूद्वारा किसानहरूको शोषणलाई बन्द गर्नका लागि प्रश्न उठायो। त्यस समय ईस्ट इन्डिया कम्पनीको चार्टरको फेरि पुनरीक्षण हुँदै थियो, यसकारण तीनवटै एसोशिएसनले भारतमा औपनिवेशिक शासनको 'अन्याय'-का बारेमा लन्डनमा संसदलाई याचिकाहरू पठाए।

**4.** निम्नलिखित गद्यांशलाई अंग्रेजीमा अनुवाद गर्नुहोस् : 20

प्रत्येक देशको इतिहासमा त्यसको भूगोलको प्रभाव परेको हुन्छ। जहाँसम्म भारतको प्रश्न छ, उसको सभ्यता युग-युगान्तरदेखि स्वतन्त्र रूपले विकसित हुँदै आइरहेको छ। उत्तरी पर्वतहरूको भयङ्कर अड्चन र दक्षिणका समुद्रहरूका कारण भारत बाँकी विश्वदेखि प्रायः पृथक नै छ। फलस्वरूप त्यसमाथि अधिक विदेशी प्रभाव पर्न सकेन। हिमालय पश्चिमदेखि पूर्वसम्म लगभग 1600 माइल लामो र 50 माइल चौडा एउटा दोहोरो पर्खालको रूपमा छ। पूर्वमा पटकोई, नागा र लुसाईका पर्वतमाला र तिनका घना जङ्गल आउन-जानामा बाधा पुऱ्याउँछन्। पश्चिमतिर केही घाटीहरू अवश्य छन्; जस्तै खैबर र बोलनको, जहाँबाट विदेशीहरू आउने गर्थे। दक्षिणतिर कैयौं शताब्दीसम्म समुद्री भारतमा सजिलैसँग आउन-जानामा बाधा पुऱ्याउँथ्यो। तर पछिबाट नौ-विद्या क्षेत्रमा पर्याप्त प्रगति भयो। फेरि त यो समुद्र व्यापारको लागि सुगम

मार्ग नै बन्यो। 1498 ई० मा भास्को डि गामाको नेतृत्वमा पोर्तुगालीहरू सबैभन्दा पहिला समुद्री बाटो भएर भारत आए। त्यसपछि डच, फ्रान्सिसी र अंग्रेजहरू आए। यिनीहरू सबैले धेरै समयसम्म भारतमा आफ्नो प्रभुत्व जमाउनका लागि आपसमा संघर्ष गरि रहे। यस प्रकार सबै मिलाएर भारतको भौगोलिक पृथकताको कारण यहाँको सभ्यतामा धेरै विदेशी प्रभाव परेन।

**5.** निम्नलिखित गद्यांशलाई नेपालीमा अनुवाद गर्नुहोस् : 20

At the stroke of the midnight hour, when the world sleeps, India will awake to life and freedom. A moment comes when we step out from the old to the new. It is fitting that at this solemn moment we take the pledge of dedication to the service of India. The service of India means the service of the millions who suffer. It means the ending of poverty and ignorance. It means the ending of disease and inequality of opportunity. The ambition of the greatest man of our generation has been to wipe every tear from every eye. That may be beyond us, but as long as there are tears and suffering, so long our work will not be over. This is no time for petty and destructive criticism, no time for ill-will or blaming others. We have to build the noble mansion of free India where all her children may dwell.

It is a fateful moment for us in India, for all Asia and for the world. A new star rises, the star of freedom in the East, a new hope comes into being. May the star never set and that hope never be betrayed !

**6.** *(a)* *(i)* तलका कुनै **पाँच** शब्दहरूको सन्धि-विच्छेद गर्नुहोस् : 5

पृथ्वीश्वर ; चक्षूरोग ; दुर्गम ; बहिस्थित ; आशङ्का ; किन्नर ; नयन ; तत्त्व।

*(ii)* तलका कुनै **पाँच** अनेकार्थ शब्दहरूको प्रत्येकको दुइ-दुइवटा भिन्न अर्थ लेख्नुहोस् : 5

कल ; तान ; पत्र ; अर्थ ; रस ; दर्शन ; चूक।

*(b)* *(i)* तलका कुनै **पाँच** शब्दहरूको विपरीत शब्द लेख्नुहोस् : 5

इच्छा ; भिन्न ; स्वार्थ ; मित्र ; इहलोक ; बुद्धिमान ; रस।

*(ii)* तलका कुनै **पाँच** समस्तपदलाई विग्रह गर्नुहोस् : 5

केटाकेटी ; लामाछोटा ; देखरेख ; दोपाया ; अपूतो ; चन्द्रमुखी ; निमुखा।

*(c)* *(i)* तलका कुनै **पाँच** वाग्धारालाई वाक्यमा प्रयोग गर्नुहोस् : 5

आँखा लाग्नु ; इलमी हुनु ; औंला ठड्याउनु ; कान फुक्नु ; कलम चलाउनु ; खुट्टा झिक्नु ; चिसो पस्नु।

(ii) तलका कुनै **पाँच** उखानहरूलाई पूरा गर्नुहोस् : 5

(1) अँगालाको माया .........।

(2) कहिले काजी .........।

(3) दूधको साक्षी .........।

(4) थोत्रो घरमा .........।

(5) लेखेको पाइन्छ .........।

(6) मूलको पानी .........।

(7) रातभरि करायो .........।

(8) भोको पनि नबसूँ .........।

(d) (i) तलका कुनै **पाँच** प्रत्यय लगाएर पाँचवटा शब्द बनाउनुहोस् : 5

ईय ; अक् ; इन्जेल ; अन्तु ; इलो ; आउटी ; यास।

(ii) तलका कुनै **पाँच** वाक्यलाई एउटा-एउटै शब्दमा लेख्नुहोस् : 5

(1) बिहे नगरी बस्ने।

(2) सयवर्षको समय।

(3) लोग्ने भएकी स्त्री।

(4) पानीमा बस्ने प्राणी।

(5) घोडा बाँध्ने ठाँऊ।

(6) आफ्नो अधीन भएको।

(7) धर्मगर्न बनाएको घर।

(8) ग्रह-नक्षत्रको ज्ञान पाउने विद्या।

★ ★ ★